# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, मंसिर २६ गते २०५९ साल (अतिरिक्ताङ्क ५९ (क)

## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना

राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ (दफा १८ अन्तर्गत) को आदेश, २०५९

श्री ५ महाराजाधिराजबाट राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ को दफा १८ को उपदफा (१) अनुसार देहायबमोजिम आदेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राजपरिवार खर्च व्यवस्था ऐन, २०३१" को आदेश २०५९" रहेको छ ।

(२) यो आदेश २०५९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. राजपरिवारका निमित्त वार्षिक दाखिला हुने: राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ बमोजिम आर्थिक वर्ष २०५९/६० देखि लागू हुने गरि देहाय बमोजिमको रकम प्रत्येक आर्थिक वर्ष दाखिला हुनेछ ।

३. श्री ५ महाराजाधिराजका हजूरमा हुने दाखिलाः

| | |
|---|---|
| श्री ५ महाराजाधिराज तर्फ दाखिला हुने रु. | १,००,००,०००।०० |
| नेपाली बाक्ला असर्फी थान | २५ |
| नेपाली पातला असर्फी थान | २५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. श्री ५ बडामहारानी तर्फ दाखिला हुनेः

श्री ५ महाराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशत

५. श्री ५ युवराजाधिराज तर्फ दाखिला हुनेः

श्री ५ महाराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशत

६. श्री ५ युवराज्ञी तर्फ दाखिला हुनेः

श्री युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशत

तर श्री ५ युवराजाधिराजको जीवनकाल पछि १००% प्रतिशत

७. श्री ५ मुमा बडामहारानी तर्फ हुने दाखिलाः

श्री ५ महाराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशत

८. श्री ५ आफु मुमा बडामहारानी तर्फ हुने दाखिलाः

श्री ५ महाराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशत

९. श्री ५ जिज्यू मुमा बडामहारानी तर्फ हुने दाखिलाः

श्री ५ महाराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशत

१०. श्री ५ नवयुवराज तर्फ हुने दाखिलाः

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशत

११. श्री ५ नवयुवराज्ञी तर्फ हुने दाखिलाः

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशत

तर श्री ५ नवयुवराजको जीवनकाल पछि ५०% प्रतिशत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 
१०८०

१२. श्री ५ अधिराजकुमार तर्फ हुने दाखिलाः

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशत

१३. श्री ५ बुहारी अधिराजकुमारी तर्फ हुने दाखिलाः

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशत

तर श्री ५ अधिराजकुमारको जीवनकाल पछि ५०% प्रतिशत

१४. श्री ५ छोरी अधिराजकुमारी तर्फ हुने दाखिलाः

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ४०% प्रतिशत

१५. श्री ५ युवराजकुमार तर्फ हुने दाखिलाः

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ३५% प्रतिशत

१६. श्री ५ बुहारी युवराजकुमारी तर्फ हुने दाखिलाः

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ३३% प्रतिशत

तर श्री ५ युवराजकुमारको जीवनकाल पछि ३५% प्रतिशत

१७. श्री ५ छोरी युवराजकुमारी तर्फ हुने दाखिलाः

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ३५% प्रतिशत

१८. श्री ५ शाहज्यादा तर्फ हुने दाखिला

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ४०% प्रतिशत

१९. श्री ५ बुहारी शाहज्यादी तर्फ हुने दाखिलाः

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २०% प्रतिशत

तर श्री ५ शाहज्यादाको जीवनकाल पछि ४०% प्रतिशत



आधिकारिकता मुद्रण विभागबाट प्रकाशित गरिएपछि मात्र लागु हुनेछ।
९०९९

२०. श्री ५ छोरी शाहज्यादी तर्फ हुने दाखिलाः

श्री ५ युवराजाधिराज तर्फ प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ३२% प्रतिशत

२१. राजपरिवार खर्च व्यवस्था ऐनको दफा १४, दफा १६ को उप दफा (ख) र दफा १८ को उप दफा (३) बमोजिमको राजदरबार प्रशासन खर्चमा समय समयमा थप हुने रकम समेत ।

२२. खारेजः श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ को (दफा १८ अन्तर्गत) को आदेश, २०४५ खारेज गरिएको छ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०९१